# जिल्ला समन्वय समिति, ललितपुरको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रगति प्रतिवेदन

२०८२ भाद्र


जिल्ला समन्वय समिति
ललितपुर
२०७३
Mahindra



## १. पृष्ठभूमि

नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको संरचना एवं काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । सो अन्तर्गत जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहने र जिल्ला समन्वय समितिले जिल्लासभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने व्यवस्था उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (झ) मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार अन्तर्गत वार्षिक रुपमा सम्पादित काम कारबाहीको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने कानुनी व्यवस्था रहेको छ । नेपालको संविधान एवं कानुनी व्यवस्था अनुसार आफ्नो काम, कर्तव्य र अधिकार बमोजिम आर्थिक वर्ष २०८१।८२ मा जिल्ला समन्वय समिति, ललितपुरले सम्पादन गरेका कामकारबाही एवं तत्सम्बन्धी विवरणहरुलाई समेटेर यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## २. कार्यालयको परिचय

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११।०९ को निर्णयानुसार २०७३।११।३० देखि लागू हुने गरी साविक जिल्ला विकास समितिको कार्यालय जिल्ला समन्वय समितिमा रुपान्तरण भएको हो । २०७२ असोज ३ मा जारी भएको नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको संरचना अन्तर्गत वि.सं. २०७४ मा सम्पन्न पहिलो स्थानीय तह निर्वाचनको मतपरिणाम पश्चात् जिल्ला सभाको गठन एवं जिल्ला समन्वय समितिमा रहने सदस्यको संख्या यकिन गरि जिल्ला समन्वय समिति, ललितपुरको गठन भएको हो । यसको कार्यालय भवन ललितपुर महानगरपालिका वडा नं. ५, मानभवनमा रहेको छ ।

## २.१ जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

**क)** नेपालको संविधानको धारा २२० को उपधारा (७) अनुसार जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

**ख)** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (१) मा जिल्ला सभाको काम कर्तव्य र अधिकारको सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।

*प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा(७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः*

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफल सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश र संघसँग समन्वय गर्ने,

- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय र सहजीकरण गर्ने,
- जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

**ग)** त्यसैगरी बागमती प्रदेशले जारी गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन(कार्यविधि) ऐन, २०७५ को दफा ५४ मा जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा गरिएका व्यवस्थाहरु देहाय अनुसार छन् :


*नेपालको संविधान तथा यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेः-*

- विकास निर्माण कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरु वीच समन्वय र सहकार्य गर्ने,
- जिल्ला भित्रका विकास निर्माण, योजना कार्यान्वयन तथा प्रदेश सरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने,
- जिल्ला भित्रका विभिन्न सूचना, तथ्याङ्क, सरकारी सम्पत्ति लगायतका विषयका अभिलेख अद्यावधिक गर्ने,
- जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग, समन्वय र प्रोत्साहन गर्न प्रदेश सरकारलाई सुझाव दिने,
- स्थानीय तहहरू बीच उठेका विवाद समाधान गर्न सहजीकरण गर्ने,
- स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतका कार्यहरू गर्ने,
- आफूले गरेका कामकारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्ने,
- अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## २.२ संगठन संरचना र दरबन्दी

जिल्ला समन्वय समितिको लागि नेपाल सरकारबाट मिति २०८०।०६।१६ मा स्वीकृत संगठन संरचना यस प्रकार रहेको छः

**जिल्ला समन्वय समिति, ललितपुरको संगठन संरचना**




# ३. सम्पादित मुख्य कार्यहरु

नेपालको संवैधानिक एवं कानुनी व्यवस्था बमोजिम आफ्नो कार्यक्षेत्र अन्तर्गत रही जिल्ला समन्वय समितिको कार्यालय, ललितपुरले आर्थिक वर्ष २०८१।८२ मा सम्पादन गरेका मुख्य कार्यहरु एवं क्रियाकलापहरु देहाय अनुसार रहेका छन्:

| क.सं. | कामको विवरण/सञ्चालित कार्यक्रम | मिति | कै |
|---|---|---|---|
| १ | अघिल्लो आ.व. २०८०।८१ को वार्षिक समीक्षा | २०८१ भदौ | |
| २ | अर्धवार्षिक समीक्षा कार्यक्रम | २०८१ माघ | |
| ३ | जिल्ला समन्वय समितिहरुबीच अनुभव आदान प्रदान (मुगु र कालीकोट) | २०८१ फागुन | |
| ४ | अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन सम्बन्धी समितिको बैठक | २०८१।११।२३ | |
| ५ | जिल्ला स्थित स्थानीय तहहरुको आ.व. २०८०/८१ को स्थानीय तह सस्थागत क्षमता स्वमूल्यांकन LISAर बित्तीय जोखिम  FRA मूल्याङ्कन सम्पन्न | २०८१ माघ, फागुन | |
| ६ | विकास सम्बन्धी सरोकारवालाहरुबीचको समन्वय बैठक | २०८१।१२।१५ | |
| ७ | विपद् व्यवस्थापन तथा वातावरण सम्बन्धी अनुगमन सम्बन्धी अन्तरक्रिया कार्यक्रम, कोन्ज्योसोम गाउँपालिका, ललितपुर | २०८१।१२।२१ | |
| ८ | नदी जन्य पदार्थको व्यवस्थापन सम्बन्धी जिल्लास्तरीय अनुगमन समितिको बैठक र निर्णय एवं निर्णय कार्यान्वयनका लागि पत्राचार | २०८१।१२।२८ | |
| ९ | जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम व्यवस्थापन समितिको बैठक | २० पटक सम्पन्न | |
| १० | जिल्ला समन्वय समितिको बैठक | २४ पटक सम्पन्न | |
| ११ | प्रदेश समन्वय परिषद्को बैठकको निर्णय कार्यान्वयार्थ सबै स्थानीयहरुबाट विवरण संकलन तथा तालिकीकरण साथै अद्यावधिकीकरण | २०८१ चैत्र, २०८२ बैशाख र जेष्ठ | |
| १२ | उत्कृष्ट महिला सहकारी छनौटका लागि सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशमा सिफारिस गरिएको | २०८१ चैत्र | |
| १३ | कार्यालयको लेआउट व्यवस्थापन तथा फर्निचर एण्ड फिक्सचर्सको मर्मत सम्भार र अभिलेख संरक्षण सम्बन्धी कार्यहरु | निरन्तर | |

| | | | |
|---|---|---|---|
| १४ | कार्यालय भवन मर्मत सम्बन्धी कार्य | | |
| १५ | विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अनुगमन/अन्तरक्रिया कार्यक्रम, बागमती गाउँपालिका | २०८१।१२।३१ | |
| १६ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम, बागमती गाउँपालिका, ललितपुर | २०८१ चैत्र बैशाख तथा जेष्ठ | |
| १७ | जिल्ला स्थित संघीय आयोजना, प्रादेशिक विषयगत कार्यालय र स्थानीय तहहरुबीच दोस्रो चौमासिक अवधि प्रगति समीक्षा | २०८२।०१।२८ | |
| १८ | *ज्येष्ठ नागरिक, महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक लगायत सिमान्तकृत वर्गको हकहित प्रवर्द्धन सम्बन्धी कार्यक्रम* अन्तर्गत महाङ्काल गाउँपालिका वडा नं. ६ र बागमती गाउँपालिका वडा नं. ७ का ८० वर्ष पुगेका जम्मा ७१ जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा(Blanket) वितरण | २०८२ वैशाख ३१ र ३२ | |
| १९ | *जिल्लास्तरीय खेलकूद तथा अन्य महोत्सवहरुमा सञ्चालन र सहकार्य कार्यक्रम* अन्तर्गत महाङ्काल, कोन्ज्योसोम र बागमती गा.पा.का ३९ मा.बि.हरुमा खेलकुद सामाग्री(भलिबल र नेट) वितरण | २०८२ वैशाख ३० र ३१ | |
| २० | बागमती प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनार्थ महाङ्ककाल, कोन्ज्योसोम र बागमती गा.पा.को स्थलगत अनुगमन एवं निर्देशन गरिएको । | २०८२ वैशाख | |
| २१ | ६ वटै पालिकाहरुमा सामाजिक विकास कार्यक्रमहरुको अनुगमन छलफल तथा तथ्याङ्क स◌ंकलन सम्बन्धी कार्य | २०८२ वैशाख र जेठ | |
| २२ | नवौं जिल्ला सभा सञ्चालन | २०८२ जेठ २५ | |
| २३ | जिल्ला स्थित ६ वटा स्थानीय तहहरुले गरेका विकास निर्माण एवं सेवा प्रवाहसम्बन्धी एकीकृत विवरण तयार गरी जिल्ला सभामा प्रस्तुत गरिएको । | | |
| २४ | गोदावरी न.पा.को वडा नं. १, १० र १३ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि सहमति प्रदान । | २०८२ वैशाख ३ र २५ | |

| | | | |
|---|---|---|---|
| २५ | जिल्ला स्थित स्थानीय तहहरुहरुसँग योजना/कार्यक्रमको लागत साझेदारीका लागि स्रोत सुनिश्चितता सम्बन्धी निर्णय, सम्झौता, अनुगमन र भुक्तानी | नियमित रुपमा भैरहेको | |
| २६ | प्रदेश सरकारको अनुदानमा सञ्चालित योजना/कार्यक्रमहरुको अनुगमन र प्रतिवेदन | नियमित | |
| २७ | स्थानीय तहमा कानून, कार्यविधि र निर्देशिका निर्माण सम्बन्धी तालिम, बागमती गाउँपालिका | २०८२।०२।१३ | |
| २८ | जिल्ला स्थित स्थानीय तहहरुलाई नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी निगरानी अनुगमन सम्बन्धमा जिल्ला समन्वय समितिको मिति २०८२ जेठ ५ गतेको बैठकबाट निर्णय गरी आवश्यक कार्यार्थ पत्राचार गरिएको । | | |
| २९ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम, गोदावरी नगरपालिका, ललितपुर | २०८२।०२।२२ | |
| ३० | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम, महाङ्काल गाउँपालिका, ललितपुर | २०८२।०२।२६ | |
| ३१ | ललितपुर जिल्लाका स्थानीय तहहरुका वडा स्तरमा विकास निर्माण, सेवा प्रवाह सम्बन्धमा असल अभ्यास र अनुभव सम्बन्धी १ दिने अन्तरक्रिया र छलफल कार्यक्रम | २०८२।०३।०२ | |

# ४. विकास निर्माणमा समन्वय सम्बन्धी कामको विवरण

## ४.१ मौज्दात कोषको अवस्था

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार अन्तर्गत साविक जिल्ला विकास समितिले विभिन्न शुल्क, कर, इजाजत दस्तुर आदिबाट गरेको आय/आम्दानी जि.वि.स.को आन्तरिक आयको रुपमा संकलन र व्यवस्थापन गर्ने अभ्यास रहेको थियो । उक्त आम्दानी जि.वि.स. मातहत कोष खडा गरी जिल्लाको विकास निर्माण कार्यमा खर्च गरिने अभ्यास थियो । जिल्ला विकास समितिबाट जिल्ला समन्वय समितिमा रुपान्तरण हुने क्रममा विभिन्न कोषमा रहेको आन्तरिक आयको रकम जिसस मातहत मौज्दात कोषमा एकमुष्ठ जम्मा गरिएको । यो रकम सम्भावित प्रशासनिक खर्चमा नियन्त्रण गर्ने उद्देश्यले त्यो रकमको सदुपयोगका लागि नेपाल सरकारले जिल्ला समन्वय

समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ जारी गरी उक्त रकमको खर्चको क्षेत्र दायरा मापदण्ड निर्धारण गरेको छ ।

सो कोषबाट जिससका भौतिक संरचना(भवन) एवं जिल्ला भित्रका स्थानीय तहका प्रशासनिक भवन, वडा कार्यालय, विद्यालय एवं स्वास्थ्य संस्थाका भवन निर्माण, विस्तार, मर्मत सम्भार एवं खानेपानी आयोजनाको पूर्वाधार निर्माणमा खर्च गर्न पाउने क्षेत्र तोकिएको छ । कोषको यो रकम खर्च गर्दा सम्बन्धित स्थानीय तहको कार्यपालिका निर्णय, सिफारिसको आधारमा साझेदारी गर्ने रकम सहित कार्यक्रम व्यवस्थापन समितिले अध्ययन गरी बैठकले जिससको बैठकमा पेश गर्ने र जिसस बैठबले उपयुक्त एवं आवश्यक देखिएका आयोजनाहरु सञ्चालन गर्न स्वीकृति दिने निर्णय गर्दछ । सोही निर्णयको आधारमा स्थानीय तहले आयोजना सञ्चालन(खरिद प्रक्रिया, अनुगमन, निरीक्षण, नापजाँच, मूल्याङ्कन आदि) गरी जिसससँग रकम माग गरेपछि अन्तिम मूल्याङ्कनको आधारमा जिससको योगदान बापतको रकम सम्बन्धित स्थानीय तहलाई निकाशा दिने व्यवस्था निर्देशिकाले गरेको छ ।

निर्देशिकाले तोकेको मापदण्डको अधिनमा रही अग्रिम तथा कार्यसम्पादन सिफारिस बमोजिम अन्तिम मूल्याङ्कन पश्चात् पालिकाको माग एवं मूल्याङ्कनका आधारमा रकम स्थानीय तहलाई भुक्तानी गरिने अभ्यास रहेको छ ।

नेपालका थोरै मात्र जिससहरुमा यस्तो रकम मौज्दात कोषमा रहेको पाइन्छ । जिसस ललितपुरमा रहेको मौज्दात कोषको रकमबाट निर्देशिका बमोजिम जिल्लाका स्थानीय तहहरुसँग लागत साझेदारी अन्तर्गत विभिन्न आयोजनाहरु सम्पन्न भै सकेका छन् भने केही आयोजनाहरु कार्यान्वयनकै चरणमा रहेका छन् । विगत ८ वर्षको जिससको अध्ययनबाट मौज्दात कोषमा रहेको स-सानो रकम बाँडफाँड (खर्च) भईसकेको अवस्था छ । यस अवस्थामा मौज्दात कोषको रकमबाट दायित्व सृजना भईसकेको भएता पनि आयोजना कार्यान्वयनमा भएका ढिलाईका कारण मौज्दात कोषमा केही रकम बाँकी देखिन्छ ।

## मौज्दात कोषको अवस्था

| आ.व. २०८१/८२ को सुरु मौज्दात कोष रकम रु. | आ.व. २०८१/८२ मा खर्च भएको रकम रु. | | बाँकी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १९२५४१०००.०० | कार्यक्रम खर्च | २६२६४८१९.५१ | | |
| | प्रशासनिक खर्च | १६३६२६९.०० | १६४६३९९११.०५ | |
| कोषमा थप भएको रकम | | | २७३०००००.०० | |
| कोषमा बाँकी मौज्दात रकम | | | १९१९३९९११.०५ | |

## ४.२ जिल्ला समन्वय समिति र स्थानीय तहसँगको लागत साझेदारीको अवस्था

जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम विभिन्न स्थानीय तहहरुसँग पूर्वाधार निर्माणमा लागत साझेदारी गरिएका योजनाहरुको विवरण देहाय अनुसार रहेको छः

**४.२.१ जिसस गठन पश्चात् लागत साझेदारी गरिएका योजनाको विवरण (स्थानीय तहगत) (रु. हजारमा)**

| स्थानीय तह | आयोजना संख्या | प्रत्याभूत गरिएको रकम | निकासा भएको रकम | सम्पन्न आयोजना संख्या | निकासा दिन बाँ क रकम |
|---|---|---|---|---|---|
| ल लतपुर महानगरपा लका | २ | ४८९५५.६९३ | ३४२६८.९९ | ० | १४६८६.७१ |
| गोदावरी नगरपालिका | १२ | १२२५२४.६५ | ४३९२९ | २ | ७८५९६ |
| महालक्ष्मी नगरपा लका | १ | ४०००० | ० | ० | ४०००० |
| बागमती गाउँपलिका | ११ | ६०४८३.१६३ | ४५३५० | २ | १५१३३ |
| कोंज्योसोम गाउँप लका | १६ | ६५६४१ | ५५०३८ | ७ | १०६०३ |
| महांकाल गाउँपा लका | १८ | ४९८८७.२११ | ४४६८७.२१२ | ११ | ५१९९.९९९ |
| जिल्ला समन्वय स मति* | १ | ९४६ | ९४६ | १ | |
| जम्मा | ६१ | ३८८४३७.७१७ | २२४२१९.२०२ | २३ | १६४२१८.३५९ |

* *मौज्दात कोष निर्देशिकाको अधीनमा रही जिससको भवन मर्मत योजना*

## ४.२.२ लागत साझेदारीमा सम्पन्न भएका आयोजनाहरुको ववरण

| स.न. | स्थानीय तह | आयोजनाको नाम | कूल आयोजनाको रकम | स्थानीय तहको योगदान | जि.स.स को योगदान | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|
| १ | गोदावरी नगरपालिका | गोदावरी नगरपालिकाको प्रशासनिक भवन | | | 40000000 | काम सम्पन्न |
| २ | गोदावरी नगरपालिका | सरस्वती माध्यमिक विधालयको भवन निर्माण वडा न. १२ | 4185410 | 1674164 | 2511246 | काम सम्पन्न |
| ३ | महांकाल गाउँपालिका | वडा न. ५ को कार्यालय भवन मर्मत | 2198236 | 1099118 | 1099117.9 | काम सम्पन्न |
| ४ | महांकाल गाउँपालिका | २. न. वडा कार्यालय भवन, मानिखेल | 3341691 | 1336676 | 2005014.5 | काम सम्पन्न |
| ५ | महांकाल गाउँपालिका | ४. न. वडा कार्यालय भवन, कलेस्वर | 3789064 | 1515625 | 2273438.2 | काम सम्पन्न |
| ६ | महांकाल गाउँपालिका | ६. न. वडा कार्यालय भवन, ठूलादुर्लुम्ग | 1127999 | 451199.7 | 676799.6 | काम सम्पन्न |
| ७ | महांकाल गाउँपालिका | २ न. वडा कार्यालयको तल्ला थप | 1212500 | 485000 | 727500 | काम सम्पन्न |
| ८ | महांकाल गाउँपालिका | ३ नं वडा कार्यालय, गोटीखेल, ललितपुर। | 3789064 | 1364063 | 2425000.8 | काम सम्पन्न |
| ९ | महांकाल गाउँपालिका | गाउँपलिकाको प्रशासनिक भवन निर्माण | 68706956 | 40427549 | 28279408 | काम सम्पन्न |
| १० | महांकाल गाउँपालिका | बाघ भैरब मा.बि. घेरावार निर्माण-०४ | 1940000 | 776000 | 1164000 | काम सम्पन्न |
| ११ | महांकाल गाउँपालिका | बाघ भैरब मा.बि. छात्राबास ट्रस निर्माण | 776255.3 | 310502.1 | 465753.19 | काम सम्पन्न |
| १२ | महांकाल गाउँपालिका | वडा न. ४ को वडा कार्यालय भवन मर्मत तथा तल्ला थप | 3636407 | 1454563 | 2181844.4 | काम सम्पन्न |
| १३ | महांकाल गाउँपालिका | वडा न. ५ को वडा कार्यालय भवन मर्मत तथा युवा भवन मर्मत | 1928670 | 964335 | 964335.01 | काम सम्पन्न |
| १४ | कोंन्ज्योसोम गाउँपालिका | चौघरे लिफ्टिंग खानेपानी आयोजना | २१२८२२२.२१ | 478849.99 | 1649372.2 | काम सम्पन्न |
| १५ | कोंन्ज्योसोम गाउँपालिका | गाउँपलिकाको प्रसानिक भवनको कमपाउनड घेरबार निर्माण | 3327969 | 1198069 | 2129900.2 | काम सम्पन्न |

| स.न. | स्थानीय तह | आयोजनाको नाम | कूल आयोजनाको रकम | स्थानीय तहको योगदान | जि.स.स को योगदान | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|
| १६ | कोंन्ज्योसोम गाउँपालिका | शंखु आधारभूत अस्पताल | 33400000 | 13360000 | 20040000 | काम सम्पन्न |
| १७ | कोंन्ज्योसोम गाउँपालिका | कोंजोसोम गाउँपालिका प्रशासकिय भवन निर्माण | 15000000 | 5400000 | 9600000 | काम सम्पन्न |
| १८ | कोंन्ज्योसोम गाउँपालिका | नगरकोटी महिला भवन तथा गाउघर किलिनिक हल भवन निर्माण | 4435664 | 1774265 | 2661398 | काम सम्पन्न |
| १९ | कोंन्ज्योसोम गाउँपालिका | बालेश्वोरी मा.बि को अधुरो कार्य सम्पन्न गरि कम्पाउण्ड वाल लगाउने कार्य | 3625106 | 1450043 | 2175063.9 | काम सम्पन्न |
| २० | कोंन्ज्योसोम गाउँपालिका | चौघरे आधारभूत आस्पताल निर्माण | 21253691 | 8501476 | 12752214 | काम सम्पन्न |
| २१ | बागमती गाउँपालिका | वडा कार्यालय भवन घुसेलको तला थप,-०१ | 3527475 | 1410990 | 2116485 | काम सम्पन्न |
| २२ | बागमती गाउँपालिका | गाउँपलिकाको प्रशासनिक भवन निर्माण | | | 35000000 | काम सम्पन्न |
| २३ | जिसस, ललितपुर | जिसस भवन मर्मत (पूर्वाधार कार्यालय रहेको भवन) | 946163.6 | | 946163.64 | काम सम्पन्न |
| | | **भुक्तानी भएको जम्मा** | | | **173844054.2** | |

## ४.२.३ श्रोत सुनिश्चितता गरिएका आयोजनाहरु

| स.न. | स्थानीय तह | आयोजनाको नाम | कूल आयोजनाको रकम | स्थानीय तहको योगदान | जि.स.स को योगदान | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|
| १ | गोदावरी नगरपालिका | वडा न. २ को भवन निर्माण | 12500000 | 5000000 | 7500000 | सम्झौता नभएको |
| २ | गोदावरी नगरपालिका | वडा न. ६ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण | 6250000 | 2500000 | 3750000 | सम्झौता नभएको |
| ३ | गोदावरी नगरपालिका | गोदामचौर खानेपानी आयोजना | 13246880 | 5298752 | 7948128 | सम्झौता नभएको |
| ४ | गोदावरी नगरपालिका | बुद्ध मा.बि. बाल विकास कक्षा निर्माण-१४ | 1250000 | 500000 | 750000 | सम्झौता नभएको |
| ५ | गोदावरी नगरपालिका | ठैब खानेपानी ट्यांकी निर्माण १४ | 15500000 | 6200000 | 9300000 | सम्झौता नभएको |
| ६ | गोदावरी नगरपालिका | बज्रबाराही बिधालय सभाहल निर्माण वडा न. ११ | 6250000 | 2500000 | 3750000 | सम्झौता नभएको |
| ७ | गोदावरी नगरपालिका | नगर अस्पतालको भवन निर्माण वडा न. १२ ठेचो | 50000000 | 20000000 | 30000000 | सम्झौता नभएको |
| ८ | गोदावरी नगरपालिका | प:हिटी मूलमा खानेपानी ट्यांकी निर्माण वडा न. ११ | 5000000 | 2000000 | 3000000 | सम्झौता नभएको |
| ९ | गोदावरी नगरपालिका | देवीचौर प्राबिधिक बिध्यालय भवन निर्माण-७ | 10000000 | 4000000 | 6000000 | सम्झौता नभएको |
| १० | महांकाल गाउँपालिका | बालमुकुन्द आ. वि. को घेरबार निर्माण-०१ | 750000 | 300000 | 450000 | सम्झौता भएको |
| ११ | महांकाल गाउँपालिका | महाकाल गा.पा. वडा न. २ वडा कार्यालय परिसर ब्यवस्थापन तथा वाल निर्माण-०२ | 1250000 | 500000 | 750000 | सम्झौता भएको |
| १२ | महांकाल गाउँपालिका | खर्क खानेपानी टंयांकी निर्माण-०३ | 1250000 | 500000 | 750000 | सम्झौता भएको |
| १३ | महांकाल गाउँपालिका | खानेपानी मर्मत तथा टंयांकी निर्माण-०४ | 1600000 | 800000 | 800000 | सम्झौता भएको |

| स.न. | स्थानीय तह | आयोजनाको नाम | कूल आयोजनाको रकम | स्थानीय तहको योगदान | जि.स.स को योगदान | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|
| १४ | महांकाल गाउँपालिका | वडा कार्यालय भवन संरक्षण तथा शौचालय निर्माण -०५ | 1250000 | 500000 | 750000 | सम्झौता भएको |
| १५ | महांकाल गाउँपालिका | वडा कार्यालय परिसर ब्लक बिछयाउने तथा संरक्षण -०६ | 1500000 | 600000 | 900000 | सम्झौता भएको |
| १६ | महांकाल गाउँपालिका | श्री ५ महेन्द्र मा. वि. भवन मर्मत तथा परिसर घेरावार-०६ | 1600000 | 800000 | 800000 | सम्झौता भएको |
| १७ | कोंन्ज्योसोम गाउँपालिका | बुद्ध प्रा.बि जि.स.स संग साझेदारी भवन निर्माण-०३ | 1875000 | 750000 | 1125000 | सम्झौता भएको |
| १८ | कोंन्ज्योसोम गाउँपालिका | गुप्तेश्वर आधारभूत बिधायालयको संरक्षण तथा घेराबारा | 3000000 | 1200000 | 1800000 | सम्झौता नभएको |
| १९ | कोंन्ज्योसोम गाउँपालिका | ४. न. वडा कार्यालय तल्ला थप | 3750000 | 1500000 | 2250000 | सम्झौता भएको |
| २० | कोंन्ज्योसोम गाउँपालिका | भुमिथुम्का आ.बि मर्मत तथा घेराबरा | 800000 | 400000 | 400000 | सम्झौता भएको |
| २१ | कोंन्ज्योसोम गाउँपालिका | बाघभैरब मा.बि भवन निर्माण, चौघरे | 2500000 | 1000000 | 1500000 | सम्झौता नभएको |
| २२ | कोंन्ज्योसोम गाउँपालिका | गुप्तेश्वर मा.बि. पुरानो भवन सवलिकरण | 1000000 | 400000 | 600000 | सम्झौता नभएको |
| २३ | कोंन्ज्योसोम गाउँपालिका | नगरकोटी महिला भवन तथा गाउघर किलिनिक हल भवन निर्माण आयोजनाको (थप रकम माग) | 2000000 | 800000 | 1200000 | सम्झौता भएको |
| २४ | बागमती गाउँपालिका | वडा कार्यालय भवन निर्माण, २. ,माल्टा | 4992193 | 1996877 | 2995316.1 | सम्झौता नभएको |
| २५ | बागमती गाउँपालिका | वडा कार्यालय भवन निर्माण, ७. ,गिम्दी | 5052250 | 2020900 | 3031350 | सम्झौता नभएको |

| स.न. | स्थानीय तह | आयोजनाको नाम | कूल आयोजनाको रकम | स्थानीय तहको योगदान | जि.स.स को योगदान | वर्तमान अवस्था |
|---|---|---|---|---|---|---|
| २६ | बागमती गाउँपालिका | बिधालय भवन पूर्वाधार निर्माण -०५ | 498695.1 | 199478 | 299217.07 | सम्झौता भएको |
| २७ | बागमती गाउँपालिका | वडा कार्यालय संरक्षण तथा घेराबारा निर्माण -०३ | 3000000 | 1200000 | 1800000 | सम्झौता भएको |
| २८ | बागमती गाउँपालिका | सातकन्या आधारभूत बिधालय तार जाली घेराबारा | 500000 | 200000 | 300000 | सम्झौता भएको |
| २९ | बागमती गाउँपालिका | ज्ञानदोय आ.बि. इकुडोल | 500000 | 200000 | 300000 | सम्झौता भएको |
| ३० | बागमती गाउँपालिका | प्रशासकीय भवन तथा कर्मचारी आवास बाकि निर्माण कार्य | 4794224 | 1917689 | 2876534 | सम्झौता भएको |
| ३१ | महालक्ष्मी नगरपालिका | महालक्ष्मी नगरपालिका | | | 40000000 | सम्झौता नभएको |
| | | **जम्मा** | | | **137675545**.00 | |

## ४.२.४ स्रोत सुनिश्चिता भई पहिलो  कस्ता भुक्तानी भएका दोस्रो  कस्ता बाँकी रहेका आयोजनाहरु

| स.न. | स्थानीय तह | आयोजनाको नाम | योजनाको ठेक्का रकम (VAT र PS ) सहित रु. | साझेदारी रकम (पा लका) रु. | साझेदारी रकम (जिसस) रु. | जिसस मार्फत भुक्तानी भैसकेको रकम(७०%) | जिसस मार्फत भुक्तानी हुन बा क रहेको रकम(३०%) |
|---|---|---|---|---|---|---|---|
| 1 | बागमती गाउँपालिका | बागमती ४ वडा कार्यालयमाथि तल्ला थप, प्युटार ललितपुर | 2940434 | 1176173 | 1764260.1 | 1234982 | 529278.03 |
| 2 | गोदावरी नगरपालिका | ज्वालादेवी आधारभूत बिधयालयको भवन निर्माण | 3377552 | 1351021 | 2026531 | 1418572 | 607959.303 |
| 3 | कोंन्ज्योसोम गाउँपालिका | महाविर गुर्दुम क्काकलिङ्ग डाडा एक घर एक धारा कार्यक्रमको | 4800000 | 1920000 | 2880000 | 2016000 | 864000 |
| 4 | कोंन्ज्योसोम गाउँपालिका | ४ न. वडा स्वास्थ्य चौकी भवन निर्माण | 4800000 | 1920000 | 2880000 | 2016000 | 864000 |
| 5 | ललितपुर महानगरपालिका | महानगरपालिकाको कार्यालय भवन निर्माण योजना (BLOCK-B) योजना | | | 40000000 | 28000000 | 12000000.00 |
| 6 | ललितपुर महानगरपालिका | बुन्गमति क्षेत्रमा ढल निकास व्यवस्थापन वडा न. २२ | 11955693 | 3000000 | 8955693.1 | 6268985 | 2686707.93 |
| 7 | बागमती गाउँपालिका | कर्मचारी आबास तथा चमेना गृह निर्माण योजना | 25027609 | 15027609 | 10000000 | 7000000 | 3000000.00 |
| | | **जम्मा** | **52901287** | **92901287** | **68506484.2** | **47954539** | **20551945.26** |

## साझेदारी कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरु

- श्रोत सुनिश्चितता भएको लामो समयसम्म पनि आयोजना सञ्चालनमा नआएकोले एकातिर कोषमा रकम मौज्दात देखिने तर अन्य आयोजनामा खर्च गर्न नपाईने(Deadlock) अवस्था ।(महालक्ष्मी न.पा./गोदावरी न.पा.को नगर अस्पताल, कोन्ज्योसोम गा.पा ४ न. वडा स्वास्थ्य चौकी भवन निर्माण, महाविर गुर्दुम क्वाकलिङ्ग डाडा एक घर एक धारा कार्यक्रम, बुन्गमति क्षेत्रमा ढल निकास व्यवस्थापन वडा न. २२)
- श्रोत सुनिश्चितता भई आयोजनाको काम शुरुवात गरिएको, पहिलो किस्ता भुक्तानी भएको तर योजना अलपत्र परेको फरफारक हुन नसक्दा खातामा मौज्दात देखिरहने तर प्रगति सन्तोषजनक नहुने अवस्था ।
- आयोजना छनौटको स्पष्ट मापदण्ड नभएको, उत्पादन माग, सेवाग्राहीको चाप आदि सँग साझेदारी कार्यक्रमलाई आबद्ध गर्न नसकिएको ।

## ५. वित्तीय विवरण

### ५.१ बजेट, खर्च र बाँकी विवरण

| बजेट उपशीर्षक नं. | कुल बजेट | खर्च | बाँकी | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३६५००१०५३ संघीय अनुदान | १५१४७००० | १३४८५४५९.३० | १५६१५४०.७० | ८९.०३ |
| ३०१०००११३ प्रदेश अनुदान | ३५००००० | २३८५३७० | १११४६३० | ६८.१५ |
| मौज्दात कोष (विविध खाता) | १९२५४१७९९.४४ | २८०५४०८६ | १६४४८७७१३.४४ | १५.५७ |
| **जम्मा** | | | | |

### ५.२ जिल्ला समन्वय समितिले गरेको आम्दानी

| शीर्षक | रकम रु. |
|---|---|
| **हलभाडा** | १५१००० |
| **घरभाडा** | २११६६८० |
| जम्मा | **२२६७६८०** |

*नोटः हलभाडा तथा घरभाडा बापतको रकम नेपाल सरकारको राजस्व खातामा दाखिला गरिएको ।*

### ५.३ जिल्ला समन्वय समिति(साविक जिविस)को नाममा रहेका खाताहरुको अवस्था

| बैंकको नाम | खाता नं. | खातावालाको नाम | खातामा मौज्दात रकम | कैफियत |
|---|---|---|---|---|
| कृषि विकास बैंक | 0211600186904013 | JILLA SMNWAYA SAMITI LALITPUR | १,०४,००,०००.०० | राजस्व खातामा दाखिला गरिएको । |
| | 0211600179349012 | DDC L G PROGRAM DISTRICT COORDINATION COMMITTEE | ० | २०७५।०७।२९ को निर्णयले तत्कालीन मौज्दात विविध खातामा ट्रान्सफर गरी यो खाता बन्द गरिएको । |
| | 0211600183488019 | KARMACHARI KALYAN FD L P JI BI S | १,८८,०३८.३४ | |
| | 0211600193958013 | D D C LDF STAFF WELFARE FUND | ८९,७०,६७९.५० | |
| नेपाल बैंक लिमिटेड | 01803000000005001005 | GA5.1 Ji . Samanwaya Samiti Lalitpur | ० | २०२२ November १७ देखि कारोबार नभएको |
| नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. | 00401010007044 | DISTRICT COORDINATION COMMITTEE | ९८,७०,०८७.१० | मौज्दात कोषमा ट्रान्सफर गरी खाता बन्द गरिएको |
| माछापुच्छ्रे बैंक लिमिटेड | 03300183405000 11 | OFFICE OF THE DIS. DEV. COMT. LTP | २,७३,२१,६८०.७९ | मौज्दात कोषमा ट्रान्सफर गरी खाता बन्द गरिएको |

## ६. समस्या तथा चुनौतीहरु

- जनशक्तिको सिमितता साथै उत्प्रेरणाको अभाव ।
- जिल्ला समन्वय समितिको भूमिका एवं अधिकारक्षेत्रको सम्बन्धमा अन्तरतहबिच एवं आमबुझाई अस्पष्ट हुनु ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेट न्यून रहेको कारण कार्यसञ्चालनमा असहजता हुने गरेको ।
- प्रदेशबाट समयमै कार्यक्रम स्वीकृत र अख्तियारी प्राप्त नहुँदा आयोजना तथा बजेट कार्यान्वयनमा ढिलाइ हुने गरेको ।
- स्थानीय तहहरुबाट समयमै विवरण र प्रगति प्रतिवेदनहरु प्राप्त हुन नसक्नु ।
- साविक जिल्ला विकास समितिका पूराना बेरुजुहरु फछ्र्यौटका लागि व्यवस्थित अभिलेख र अनुभवी जनशक्तिको कमी हुनु ।

- संस्थागत स्मरणको कमीको कारणले गर्दा साविक जिल्ला विकास समितिका पुराना अभिलेखहरुलाई व्यवस्थित गर्न नसकिएको ।
- वित्तीय तथा भौतिक स्रोत साधनको कमी ।
- अन्तर तह समन्वय र सहकार्यमा उदासीनता आदि ।

## ७. सुझावहरु

- संविधानद्वारा जिल्ला समन्वय समितिलाई प्रदान गरेका भूमिका र जिम्मेवारीहरुलाई आवश्यक कानुन निर्माण गरि थप प्रभावकारी बनाउने ।
- जिल्ला समन्वय समितिमा प्राविधिक जनशक्ति थप गरि स्थानीय, प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका आयोजनाहरु जिल्ला समन्वय समिति मार्फत सञ्चालन गर्न उपयुक्त हुने ।
- जिल्ला भित्र सञ्चालन हुने संघीय प्रदेश स्तरीय तथा दुई वा सो भन्दा बढी पालिकाहरुलाई जोड्ने ठुला विकास निर्माण सम्वन्धी योजनाहरु जिल्ला समन्वय समिति मार्फत सञ्चालन गर्न उपयुक्त हुने ।
- जिल्ला भित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरुबाट सञ्चालन हुने विभिन्न योजना, परियोजना र कार्यक्रमको पूर्व-स्वीकृति नियमन अनुगमन र समन्वय सम्वन्धी काम जिल्ला समन्वय समिति मार्फत गर्न उपयुक्त हुने ।
- जिल्ला समन्वय समितिमा आवश्यक जनशक्ति एवं स्रोत-साधनको व्यवस्था गरि जिल्ला समन्वय समिति तथा स्थानीय तहहरुको बेरुजु फछ्र्यौंट सम्वन्धी कार्य जिल्ला समन्वय समिति मार्फत गर्न उपयुक्त हुने ।
- संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरि जिल्ला समन्वय समिति र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई समयानुकुल क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- स्थानीय तह मार्फत सञ्चालित विकास निर्माण सम्वन्धी कार्यको निरीक्षण अनुगमन तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गर्नुपर्ने ।

- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनका सूचकहरुलाई वस्तुनिष्ठ एवं व्यवहारिक बनाई स्थानीय तहको मूल्याङ्कन कार्यलाई थप प्रभावकारी एवं यथार्थपरक बनाउनु पर्ने ।
- जिल्ला भित्र रहेका संघीय र प्रदेश सरकारी कार्यालय र स्थानीय तह मार्फत सञ्चालित काममा प्रभावकारिता ल्याउन र तहहरुबीच काममा हुन सक्ने दोहोरोपनालाई हटाउन जिल्ला समन्वय समितिलाई सूचना प्रविधि तथा अभिलेख केन्द्रको रुपमा विकास गर्ने ।

## ८. संघ र प्रदेश सरकारसँग अपेक्षा

- जिल्ला समन्वय समितिको भूमिका र जिम्मेवारीलाई थप व्यवस्थित बनाउन आवश्यक कानुनहरुको निर्माण गर्नुपर्ने ।
- जिल्ला समन्वय समितिको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक जनशक्ति स्रोत साधन र संयन्त्रको विकास गरिनुपर्ने ।
- जिल्ला भित्रका नदीजन्य तथा खानीजन्य पदार्थको उचित व्यवस्थापनका लागि जिल्ला समन्वय समितिलाई अधिकार सम्पन्न बनाउनुपर्ने ।
- जिल्ला समन्वय समितिलाई सूचना तथा अभिलेख केन्द्रको रुपमा विकास गर्न आवश्यक जनशक्ति र बजेटको व्यवस्था हुनुपर्ने ।
- जिससका कर्मचारीहरुको क्षमता विकास तथा प्रोत्साहनको लागि प्रदेश र संघीय सरकारबाट आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरिनुपर्ने ।
- स्थानीय तहहरुको मूल्याङ्कन प्रक्रियामा जिससलाई जिम्मेवार/उत्तरदायी तुल्याउने र सो को लागि वित्तीय श्रोत उपलब्ध गराउनुपर्ने ।

## अनुसुचीहरु

अनुसूची-१

### जिल्ला सभा, ललितपुरका पदाधिकारीहरु

| नाम थर | पद | सम्बन्धित संस्था र पद | मोबाईल नम्बर |
|---|---|---|---|
| ऋषि देव फुँयाल | जिल्ला सभा अध्यक्ष | प्रमुख, जिल्ला समन्वय समिति | ९८५१०१९१४५ |
| चिरीबाबु महर्जन | सदस्य | प्रमुख, ललितपुर महानगरपालिका | ९८५१०२२७२३ |
| गजेन्द्र महर्जन | सदस्य | प्रमुख, गोदावरी नगरपालिका | ९८५१२६००१६ |
| हरि गोवन्द श्रेष्ठ | सदस्य | प्रमुख, महालक्ष्मी नगरपालिका | ९८५१२०१६५४ |
| मन्जली शाक्य बज्राचार्य | सदस्य | उप-प्रमुख, ललितपुर महानगरपालिका | ९८५१०१८१०१ |
| गणेश बहादुर के.सी. | सदस्य | अध्यक्ष, महाङ्काल गाउँपालिका | ९८५१०७१७५२ |
| वीर बहादुर लोप्चन | सदस्य | अध्यक्ष, बागमती गाउँपालिका | ९८४१३३५५८५ |
| कृष्णमान लामा | सदस्य | अध्यक्ष, कोन्ज्योसोम गाउँपालिका | ९८४३०७०३५८ |
| मुना अधिकारी | सदस्य | उप-प्रमुख, गोदावरी नगरपालिका | ९८५१२३५४०० |
| लक्ष्मी महर्जन | सदस्य | उप-प्रमुख, महालक्ष्मी नगरपालिका | ९८४००६०५८५ |
| डोल्मा माया गोले | सदस्य | उपाध्यक्ष, महाङ्काल गाउँपालिका | ९८६०५०४८०० |
| भक्त बहादुर दर्लामी मगर | सदस्य | उपाध्यक्ष, बागमती गाउँपालिका | ९८४१५५५४७२ |
| राजन प्रसाद घिमिरे | सदस्य | उपाध्यक्ष, कोन्ज्योसोम गाउँपालिका | ९८५१२०१२२९ |
| हरि नारायण वेल्वासे | सदस्य सचिव | जिल्ला समन्वय समिति, ललितपुर | ९८५१०५५५४० |

अनुसूची-२

## जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरु

### पदाधिकारीहरु

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | ऋषि देव फुँयाल | प्रमुख | ९८५१०१९१४५ | |
| २ | रामलाल थिङ | उपप्रमुख | ९८६३७१४०६२ | |
| ३ | हरिहर कार्की | सदस्य | ९८४१७०१३८० | |
| ४ | दिनेश घोरासइने | सदस्य | ९८५१२१७८८२ | जिसस प्रवक्ता |
| ५ | सुवेर बहादुर पहरी | सदस्य | ९८४१०२६०८१ | |
| ६ | गीता खड्का | सदस्य | ९८४०१३८१५१ | |
| ७ | शोभा महर्जन | सदस्य | ९८४९४५०९३३ | |
| ८ | शोभा कार्की | सदस्य | ९८४१९२९३९४ | |
| ९ | साधुराम श्रेष्ठ | सदस्य | ९८४१९१३०२२ | |

### कर्मचारीहरु

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | हरि नारायण वेल्बासे | जिल्ला समन्वय अधिकारी | ९८५१०५५५४० | |
| २ | हेम प्रसाद ढकाल | शाखा अधिकृत | ९८५१३१३२८८ | सूचना अधिकारी |
| ३ | नीता कुमारी इसर | इन्जिनियर | ९८५१२७८३५७ | |
| ४ | उमादेवी भुसाल | नायब सुब्बा | ९८५११३२३७० | |
| ५ | राधा पौडेल | लेखापाल | ९८४१७४१७९८ | |
| ६ | गरिमा बि.सी | खरिदार | ९८५११११६७१ | |
| ७ | निराजन घिमिरे | ना.सु. (प्रमुख स्वकीय) | ९८४९९३५३१३ | करार सेवा |
| ८ | भुवन प्रसाद पाण्डे | कार्यालय सहयोगी | ९८४९५३२११२ | करार सेवा |
| ९ | गोपाल बस्नेत | कार्यालय सहयोगी | ९८१३७३०१४२ | करार सेवा |
| १० | देव प्रसाद गौतम | हलुका सवारी चालक | ९८१३००६५६५ | करार सेवा |
| ११ | सुदिप महर्जन | हलुका सवारी चालक | ९८४१३०१५१६ | करार सेवा |

अनुसूची-३

**जिल्ला समन्वय समिति, ललितपुरमा प्रयोगमा रहेका सवारी साधनहरुको विवरण**

| क्र.सं. | सवारी नम्बर | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|
| १ | बा १ झ ८९५८ | जिल्ला समन्वय प्रमुख श्री ऋषिदेव फुँयाल | जीप |
| २ | BAA 0543 Mahendra KUV | जिल्ला समन्वय अधिकारी श्री हरि नाराषण वेल्वासे | कार |
| ३ | बा १ झ ४९४७ | कार्यालय प्रयोजन | जीप |
| ४ | बा २ व ५१५० | इन्जिनियर श्री निता कुमारी इसर | स्कुटर |
| ५ | बा २ व ३०५६ | कार्यालय प्रयोजन | मोटरसाईकल |
| ६ | बा १ व ९२०८ | कार्यालय प्रयोजन | मोटरसाईकल |
| ७ | बा १ व ९२१० | कार्यालय प्रयोजन | मोटरसाईकल |

*नोटः अन्य मोटरसाईकल थान-७ पत्रु अवस्थामा रहेका र ३ थान रातो प्लेटका रहेको(चालु-१, पत्रु-२)*

जिल्ला सभाको नवौं अ धवेशन २०८२ जेठ २५ गते











जिल्ला सभामा जिल्लाको समग्र वस्तुस्थिति  ववरण प्रस्तुत गर्नुहुँदै जिल्ला समन्व अ धकारी श्री हरिनारायण वेल्वासे



महिला ज्येष्ठ नागरिकलाई न्यानो ब्ल्याङ्केट  ववतरण गरिदैँ २०८२/०१/३०



वद्यालयमा खेलकुद सामाग्री (भ लबल र नेट)  वतरण २०८२/०१/३१





वकास सरोकारवालाहरुबीच समन्वय बैठक २०८१।१२।१५